# भिमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फोन नः ९८५६०१००४५
ईमेलः
bhimsenthapagaupalika@gmail.com
info@bhimsenmun.gov.np
website: www.bhimsenmun.gov.np


पत्र संख्याः०७७/०७८

च. नं. २७८

मितिः२०७७/०६/०२

**बिषयः जानकारी सम्बन्धमा ।**

श्री शिक्षा, युवा तथा खेलकुद शाखा,
श्री स्वास्थ्य शाखा,
श्री कृषि तथा पशु सेवा शाखा,
श्री वडा कार्यालय सवै,
श्री स्वास्थ्य चौकी सवै,
भिमसेनथापा गाउँपालिका।

प्रस्तुत सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, गोरखाबाट प्राप्त २०७७।०६।०१ गतेको जिल्ला प्रशासन कार्यालय, गोरखाबाट जारी सूचना तथा मिति २०७७।०६।०२ गतेको जिल्ला प्रशासन कार्यालय, गोरखाको अनुरोध यसैसाथ संलग्न छ। प्राप्त सूचना तथा अनुरोधको थप व्यहोरा पत्रबाट अवगत गर्नुभई प्रचार प्रसार तथा कार्यान्वयनको व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

.................
विवेक खनाल
अधिकृत छैटौं

भिमसेन थापा गाउँपालिका
दर्ता : ५०४
मिति : २०७७।६।२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

मिति: २०७७।०६।०१

## जिल्ला प्रशासन कार्यालय, गोरखाबाट जारी सूचना

कोरोना भाइरस कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि यस कार्यालयबाट हालसम्म जारी गरेको आदेश र लागू गरेका व्यवस्थाहरुको पालना गरी साथ दिनुभएकोमा जिल्ला प्रशासन कार्यालय गोरखा, सम्पुर्ण जिल्लावासी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । हालै नेपाल सरकारले जारी गरेको आदेश लगायतबाट विभिन्न पेशा तथा व्यवसाय खुल्ला भएतापनि कोभिड-१९ संक्रमणको जोखिम नहटिसकेको अवस्था रहिरहेकोले कुनै स्थानमा यात्रा गर्दा तथा पेशा, व्यवसाय वा व्यापार संचालन गर्दा स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु पूर्ण पालना गरी आफ्नो जीवन रक्षाको लागि सदैव सचेत रहन समेत अपिल गर्दछ।

त्यसैगरी जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको देखिएको छ । यस सन्दर्भमा जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०६/०१ गते देखि अर्को आदेश नभएसम्म गोरखा जिल्लाभर लागु हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ र संक्रमण रोग ऐन, २०२० बमोजिम देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न/गराउन रोक लगाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

### संचालनमा रोक लगाइएका गतिविधिहरु:

- शैक्षिक संस्थाहरु (विद्यालय, कलेज ट्यूसन सेन्टर, तालिम केन्द्र),
- शैक्षिक अन्य परीक्षा संचालन,
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
- सिनेमा हल, पार्टी प्यालेस लगायतका मनोरञ्जन स्थल,
- सैलुन, ब्युटिपार्लर
- जिमखाना, हेल्थ क्लब, पुल हाउस
- समुहमा खेलिने खेलकुद र खेल मैदानमा हुने समुहगत प्रस्तुति,
- सबै प्रकारका धार्मिक तथा सामाजिक स्थलमा हुने भेला र जमघट
- पुस्तकालय, संग्रहालय आदि ।

श्री प्र (कं. विवेक जी) सबै वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकी लगायतका निकायहरु र सम्बन्धित सबैलाई सम्प्रेषण गर्ने

### कोभिड-१९ को संक्रमणको जोखिमबाट आफु बच्न तथा अरुलाई बचाउन देहाय बमोजिम गर्ने:

१. दैनिक क्रियाकलाप सञ्चालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने, स्यानिटाइजरको उचित प्रयोग गर्ने।
२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने साथै सामाजिक/भौतिक दूरी कायम राख्दै दैनिक गतिविधि सञ्चालन गर्ने।

२०७७।६।१।
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**गोरखा**

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

३. नियमक निकाय तथा सम्पुर्ण छाता संघ/संगठनहरुले मातहतका निकाय/कार्यालय वा स्थानमा स्वास्थ्य मापदण्ड पालना भए नभएको विषयमा नियमित अनुगमन गर्ने।

**छोटो, मध्यम र लामो दुरीमा जिल्ला भित्र तथा अन्तर जिल्लामा संचालन हुने निजी तथा सार्वजनिक सवारी साधनको संचालन नेपाल सरकारको निर्णयानुसार देहाय बमोजिम गर्ने गराउने गरी संचालनको व्यवस्था गर्ने।**

- सिट क्षमताको ५० प्रतिशत मात्र यात्रु राख्ने / चढाउने।
- भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु राख्न नपाउने।
- सबै यात्रुले मास्क अनिवार्य रूपमा लगाउने।
- यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजर व्यवस्था गर्ने।
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने।
- सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने।
- यो व्यवस्था लागू रहदाँसम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० % सम्म भाडा लिन सक्ने।

**सार्वजानिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफाबमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पुर्ण पालना भए नभएको अनुगमन सम्बन्धित कम्पनीहरू, ट्राफिक प्रहरी, जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालयले गर्ने/ गराउने।**

## जिल्ला प्रशासन कार्यालय, गोरखाबाट सेवा लिदा अपनाउनु पर्ने प्रकृयाहरु

- सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नको लागि तोकिएको काजगाज / प्रमाण साथमा लिई आउनु पर्नेछ। कागज/ प्रमाण नपुग्रेमा सेवा दिन सकिने छैन। आवश्यक पर्ने कागजातको विवरण यस कार्यालयको वेवसाइट daogorkha.moha.gov.np को नागरिक वडापत्र खण्डमा हेर्न सकिने छ।
- कार्यालयको प्रवेशद्धारमा रहेका सुरक्षाकर्मीलाई सम्पर्क गरि सेवाग्राही विवरण डेस्कमा आफ्नो विवरण दर्ता गराएरमात्र कार्यालयमा प्रवेश गर्नु पर्नेछ।
- सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रूपमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु पर्ने।
- रुघा, खोकी, ज्वरो जस्ता लक्षण देखिएका सेवाग्राहीलाई कार्यालयमा प्रवेश दिईने छैन।
- सेवाग्राहीले सेवा लिन आउँदा मास्क अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ, कार्यालय परिसरमा रहेका सेनिटाइजर प्रयोग गर्ने वा सावुन पानीले अनिवार्य रुपमा हात धोएर मात्र सेवा लिनको लागि भौतिक दुरी कायम गर्दै आफ्नो पालो पर्खनु पर्नेछ।

**नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना नगरेको पाईएमा सङ्क्रमण रोग ऐन, २०२० बमोजिम कारबाही तथा जरिवाना गरिनेछ।**

२०७७/६/१
प्रमुख जिल्ला अधिकारी

भिमसेन थापा गाउँपालिका
दर्ता : ८०३
मिति : २०७७।६।१२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

मिति २०७७।६।२

## जिल्ला प्रशासन कार्यालय, गोरखाको अनुरोध

कोभिड - १९ को सक्रमण नियन्त्रण, रोकथाम र व्यवस्थापनको लागि गोरखामा रहनु हुने सम्पुर्ण महानुभावहरु, विभिन्न पेशाकर्मी, सञ्चारकर्मी, नागिरक समाजका सघसस्थाहरु एवं सरकारी कार्यालयहरुले निम्नानुसार गर्नु गराउन हुन जिल्ला प्रशासन कार्यालय, गोरखा सबैमा हार्दिक अनुरोध गर्दछ । सबै सचेत रही कोभिड-१९ को सम्भावित सङ्क्रमणबाट आफु बचौं, अरुलाई बचाउँ ।

श्री प्र. (अ. विभाग)
- सबै मातहतका निकायहरुलाई जानकारी गराउने,
- सम्बन्धित सबैलाई जानकारी गराउने।

### व्यक्ति/परिवार/आम नागरिकले गर्नु पर्ने

- व्यक्तिगत/पारिवारिक सचेतना अपनाउने,
- बेला बेलामा साबुन पानीले हात धुने, सेनिटाइजर लगाउने,
- आफ्नो टोल, घर आँगन सरसफाई गरी सँधै सफा राख्ने,
- घरमा समुहमा बसेमा मास्क लगाउने,
- घर बाहिर जाँदा अनिवार्य रुपमा मास्क लगाउने,
- सकेसम्म पाहुनाको रुपमा नजाने, नबेलाउने, जानै पर्ने/ बोलाउनु पर्ने अवस्था आएमा विशेष सतर्कता अपनाउने,
- आफु र आफ्नो परिवारको स्वास्थ्य सुरक्षामा ध्यान दिने,
- आफ्नो बस्ती तथा समुदायलाई सुरक्षित राख्न पहल गर्ने।

### उद्योगी/व्यवसायी/व्यापारीले गर्नु पर्ने

- उद्योग सञ्चालकहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गराउने; जस अन्तर्गत मास्क लगाउने, मास्क लगाउन लगाउने, सेनिटाइजर प्रयोग गर्ने गराउने, पञ्जा लगाउने, आवश्यक स्थानमा भाइजर, एप्रोन लगायतका सामाग्री लगाउने
- व्यापार गर्ने व्यक्तिले मास्क लगाउने, पञ्चा लगाउने, सेनिटाइजर राख्ने, लगाउने र ग्राहकलाई पनि लगाउन दिने,
- भौतिक दुरी कायम गर्न पसलमा डोरी लगाउने,
- एकै पटक धेरै जनाको भीड हुन नदिने, भिड नियन्त्रण गर्न गोलो घेरा बनाउने,
- व्यक्तिगत र संस्थागत सरसफाईमा ध्यान दिने।

### यातायात सञ्चालक तथा व्यवसायीहरुले गर्नु पर्ने

- सबै व्यवसायीहरुले आफ्ना सवारी साधनलाई प्रत्येक दिन सङ्क्रमण मुक्त गराउने,
- चालक, सहचालकले अनिवार्य रुपमा मास्क तथा पञ्जा लगाउने,
- यात्रुले अनिवार्य मास्क, पञ्जा लगाएको नलगाएको हेर्ने, नलगाएको भए गाडी धनीले व्यवस्थापन गर्ने,
- सबै सवारी साधनमा अनिवार्य सेनिटाइजर राख्ने, चालक, सहचालक तथा यात्रुले समय समयमा सेनिटाइजर प्रयोग गर्ने र गर्न लगाउने,
- सवारी साधन सञ्चालन गर्दा पालना गर्नु पर्ने आचारसंहिता कडाइका साथ पालना गर्ने
- आफु सुरक्षित रहने र यात्रुलाइ सुरक्षित राख्ने,
- सवारी साधनको कुल क्षमताको ५० प्रतिशत सिटमा मात्र यात्रु चढाउने,

२०७७।६।१२
प्रमुख जिल्ला अधिकारी

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

- निर्धारित गरेको भाडाको ५० प्रतिशत भन्दा बढी नलिने,
- संस्थाले बनाएको कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- यात्रु बोकेका सवारी साधनमा नियमित स्व-अनुगमन गर्ने ।

गोरखा उद्योग वाणिज्य संघ/ गोरखा चेम्बर अफ कमर्स/यातायात व्यवसायी कम्पनीहरुले गर्नु पर्ने

- आ-आफ्ना सदस्यहरुलाई व्यक्तिगत तथा संस्थागत सुरक्षा मापदण्ड पालना गर्न लगाउने,
- स्वास्थ्य सचेतनाका पर्चा, व्यानर बनाउने,
- सचेतनाका अन्य विभिन्न कार्यक्रम सञ्चालन गर्ने,
- स्व-नियमन तथा अनुगमन गर्ने,
- स्थानीय पालिका, प्रहरी तथा प्रशासनलाई सहयोग गर्ने,
- सूचना आदानप्रदान गर्ने, समन्वय र सहकार्य गर्ने ।

गोरखामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संघसंस्थाले गर्नु पर्ने:

- आ-आफ्नो कार्य क्षेत्रका आम बासिन्दा तथा गोरखाबासीहरुलाइ कोभिड-१९ सचेतना कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य सचेतनाका पर्चा, व्यानर बनाउने,
- सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गर्ने,
- स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरी सम्बन्धित पालिकाको समन्वयमा वितरण गर्ने,
- सूचना आदानप्रदान गर्ने, समन्वय र सहकार्य गर्ने,
- स्थानीय पालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी तथा जिल्ला प्रशासनलाई सहयोग गर्ने ।

पत्रकार महासघ तथा नागिरक समाजका सघसस्थाहरुले गर्नु पर्ने:

- आफु र आफ्ना सदस्यहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न लगाउने,
- आन्तरिक समन्वय गर्ने, प्रचार प्रसार र सञ्चार गर्ने,
- कुनै स्थानमा असामान्य परिस्थिति देखिएमा स्थानीय प्रशासनलाई सूचना दिने,
- स्वास्थ्य सचेतना सम्बन्धमा एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा सन्देश प्रशारण तथा प्रकाशन गर्ने ।

जिल्लाका सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय / निकायहरुले गर्नु पर्ने

- व्यक्तिगत तथा संस्थागत स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा कार्यान्वयन गर्ने,
- सबै कर्मचारीले मास्क र पञ्चा लगाउने, धेरै जनसम्पर्क हुने कक्षमा बस्ने कर्मचारीलाई भाइजरको व्यवस्था गर्ने, समय समयमा सेनीटाइजर लगाउने, हात धुने व्यवस्था गर्ने,
- कार्यालयमा भिडभाड हुन नदिने, भिडभाड हुने अवस्था आएमा टोकन प्रणाली वा अन्य प्रक्रियाबाट पालो प्रणाली अवलम्बन गर्ने कार्ययोजना बनाई लागु गर्ने,
- सेवाग्राही अभिलेख राख्ने,
- छिटो छरितो, चुस्त सेवा प्रवाह गर्ने,
- सकेसम्म अनलाईन मार्फत सेवा प्रवाह गर्ने ।

२०७७।३।१२
प्रमुख जिल्ला अधिकारी